Shaheed Smriti Peer Reviewed Journal Year: 13 No.: 10, 2024

**DOI:** https://doi.org/10.3126/shaheedsmriti.v13i10.76820

# कोइरालाको 'सान्नानी' कथाको प्रजातिपरक अध्ययन

**कृष्णप्रसाद सुवेदी**
प्राध्यापक : शहीद स्मृति बहुमुखी क्याम्पस
Email: krishna_subedi@ymail.com

**लेखसार**

*यस लेखमा कथाकार विश्वेरप्रसाद कोइरालाको 'सान्नानी' कथालाई टेनको प्रजातिपरक मान्यताका आडमा अध्ययन र विश्लेषण गरिएको छ । साहित्यका समाजशास्त्री टेन प्रसिद्ध समाजशास्त्री हुन् उनका प्रजाति, क्षण र परिवेश सम्बन्धी मान्यता साहित्यभित्रको समाज खोजी गर्नका लागि स्थापित मान्यता बनिसकेका छन् । टेनको प्रजातिपरक मान्यताका सीमामा रही कोइरालाको 'सान्नानी' कथाको अध्ययन र विश्लेषण गरिएको यस लेखमा सैद्धान्तिक आधार र सामग्री संकलनका लागि पहिलो र दोस्रो पद्धति अँगालिएको छ भने व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । यस क्रममा सर्वप्रथम टेनको समाजशास्त्रीय अध्ययनका आधार प्रजातिको सैद्धान्तिक चर्चा गरिएको छ भने त्यसपछि तिनै सैद्धान्तिक मान्यताका आडमा कोइरालाको 'सान्नानी' कथाको प्रजातिपरक विश्लेषण गरिएको छ । प्रस्तुत आलेखमा प्रजातिगत विश्लेषणका आधार मानिने प्रजातिपरक पहिचान, प्रजातिपरक आनुवंशिक स्वभाव र प्रजातिपरक प्रभाव उपशीर्षक बनाएर कोइरालाका 'सान्नानी' कथाको विश्लेषण गरिएको छ । प्रस्तुत कथाको विश्लेषणबाट कुनै प्रजाति देश, काल र परिस्थतिका कारणले स्थानान्तरण भएर बस्नुपर्ने र त्यहाँको माटो, हावा, पानी सँगै बदलिदै जानुपर्ने परिस्थिति रहे पनि उनीहरुको प्रजातिगत पहिचान हुने, आनुवंशिक स्वभाव पनि विद्यमान नै रहने र सामाजिक व्यवस्थामा एक अर्काबाट प्रभावित भएर रहने निष्कर्ष समेत निकालिएको छ । साहित्यको समाजशास्त्रीय मान्यताका कसीमा कोइरालाको कथाको विश्लेषण गर्न चाहने जो कसैलाई यो आलेख उपयोगी बन्न सक्ने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली :** *साहित्यको समाजशास्त्र, प्रजाति, प्रजातिपरक पहिचान, आनुवंशिक स्वभाव, प्रजातिपरक प्रभाव ।*

## अध्ययनको पृष्ठभूमि

साहित्यको समाजशास्त्रले साहित्यमा साहित्यिक प्रक्रियाको अध्ययन गर्दछ । साहित्यको समाजशास्त्रीय चिन्तनलाई आधुनिक समाजमा साहित्यको सत्ता र सार्थकताको परिचयसँगै प्रादुर्भाव भएको बौद्धिक प्रयत्नका रुपमा लिइन्छ । 'साहित्यको समाजशास्त्र अब समाजशास्त्रभन्दा फरक एक साहित्य विधाका रुपमा विकसित हुँदैछ (पाण्डेय, १९८९: ३२) ।' साहित्यलाई अलग्गै राखेर गरिएको सामाजिक जीवनको अध्ययन अब पूर्ण हुन सक्दैन । साहित्यको समाजशास्त्रमा समाजसँग साहित्यकारको सम्बन्ध, उसको सामाजिक स्थिति र उसले रचनामा प्रस्तुत गरेको सामाजिक संसारको अध्ययन हुन्छ । साहित्यको समाजशास्त्रले व्यापक सामाजिक प्रक्रिया अन्तर्गत क्रियाशील सम्पूर्ण साहित्य प्रक्रियाको विभिन्न गति र परिणतिहरुको व्याख्या गर्दै साहित्यको वास्तविक सामाजिक स्वरुपको परिचय गराउँछ र त्यसमा साधारण पाठकको पनि अभिरूचि जगाउन सहयोग पुऱ्याउँछ । जुन समयदेखि समाजसँग साहित्यको सम्बन्धको खोजी हुने क्रम सुरू भयो त्यसै समयदेखि नै

समाजशास्त्रीय चिन्तन आरम्भ भएको मानिन्छ । समाजशास्त्रीय चिन्तन परम्परामा महत्वपूर्ण भूमिका खेल्ने फ्रान्सेली समाजशास्त्री हिप्पो लाइट अडोल्ड टेन पनि हुन् । साहित्यको समाजशास्त्रमा टेनको प्रजाति, युग र परिवेशसम्बन्धी मान्यता स्थापित सिद्धान्त बनेका छन् । नेपाली समालोचनाका क्षेत्रमा टेनका मान्यताका आधारमा साहित्यको विश्लेषण गर्ने काम निकै कम भएको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको कथामा पनि टेनको प्रजातिपरक मान्यताबाट विश्लेषण निकै अभाव देखिएकाले प्रस्तुत अध्ययनपत्रमा उनको 'सान्नानी' कथालाई टेनको प्रजातिपरक मान्यताका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली आख्यान साहित्यमा प्रख्यात मनोवैज्ञानिक साहित्यकार हुन् । उनको कलम मुख्य गरी उपन्यास, कथा र आत्मकथन क्षेत्रमा बढी दौडिएको छ । 'तीन घुम्ती' (वि.सं. २०२५) 'नरेन्द्र दाइ' (वि.सं. २०२७) 'सुम्निमा' (वि.सं. २०२७) 'मोदिआइन' (वि.सं. २०३६) 'हिटलर र यहुदी' (वि.सं. २०४०) र 'बाबु आमा र छोरा' (वि.सं. २०४६) छ वटा उपन्यास छन् भने 'दोषी चश्मा' (२००६) र 'श्वेतभैरवी' (२०३९) दुई कथासंग्रह प्रकाशित छन् । उनको एउटा दैनिकी 'जेलजर्नल' ( वि.सं. २०४४) प्रकाशित छ भने 'मेरो जीवन कथा' (वि.सं. २०११), 'आफ्नो कथा' ( वि.सं. २०४०) र 'आत्मवृत्तान्त' (वि.सं. २०५५) पनि प्रकाशित छन् । उनको "सान्नानी' कथा 'श्वेतभैरवी' कथासंग्रहमा संकलित छ ।

## अध्ययनको उद्देश्य

'कोइरालाको 'सान्नानी' कथाको प्रजातिपरक अध्ययन' शीर्षक रहेको यस आलेखमा समाजशास्त्री टेनको प्रजातिपरक सैद्धान्तिक मान्यताका आडमा कोइरालाको 'सान्नानी' कथाको अध्ययन गर्ने उद्देश्य राखिएको छ । कोइरालाका कथाहरु समाजशास्त्रीय अध्ययनका लागि बलिया आधार छन् । उनको 'सान्नानी' कथालाई पनि प्रजातिपरक मान्यताका आधारमा अध्ययन गर्न सकिन्छ भन्ने विषयलाई मुख्य समस्या बनाएर अध्ययन गरिएको यस आलेखमा प्रजातिपरक अध्ययनसँग सम्बन्धित मानिने प्रजातिपरक पहिचान, प्रजातिपरक आनुवंशिक स्वभाव र प्रजातिपरक प्रभावका आधारमा 'सान्नानी' कथाको अध्ययन र विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अध्ययन प्रकृतिको छ । टेनको साहित्यको समाजशास्त्रीय अध्ययनको आधार मानिने प्रजातिपरक मान्यतामा सीमित रहेर कोइरालाको 'सान्नानी' कथाको अध्ययन र विश्लेषण गरिएको यस लेखमा आगमनात्मक विधिको प्रयोग गरिएको छ । प्रजातिपरक मान्यताबाट यस क्षेत्रमा धेरै काम भएको नदेखिएकाले यसमा स्वतः निगमनात्मक विधि पनि प्रयुक्त छ । यसमा कथाको विश्लेषणमा व्याख्यात्मक विधिको प्रयोग भएको छ भने टेनको प्रजातिपरक मान्यताका आधार प्रजातिपरक पहिचान, प्रजातिपरक आनुवंशिक स्वभाव र प्रजातिपरक प्रभावका आधारमा कोइरालाको 'सान्नानी' कथाको प्रजातिपरक अध्ययन गरिएको छ ।

## सैद्धान्तिक आधार

साहित्यको समाजशास्त्रमा साहित्यभित्रको समाजको खोजी गरिन्छ । साहित्यकार सामाजिक व्यक्ति र उसले रचना गरेको साहित्य सामाजिक उत्पादन भएकोले साहित्यमा समाज हुन्छ । साहित्यकारले जुन चेतनाबाट साहित्यको रचना गरेको हुन्छ, त्यो चेतना उसले बाँचेको समाजबाट निर्मित हुन्छ । यस कारण कुनै पनि साहित्य बुझ्नका लागि साहित्यकार र

उसले बाँचेको समाज बुझ्नु आवश्यक मानिन्छ। सहित्यका समाजशास्त्री टेनले साहित्यमा प्रजाति, युग र परिवेश मान्यता अगाडि सारेका छन्। उनको यो मान्यता स्थापित सिद्धान्त बनिसकेको छ। यस आलेखमा टेनका प्रजाति, युग र परिवेश मान्यतामध्ये प्रजातिपरक मान्यतामा बसेर 'सान्नानी' कथाको अध्ययन र विश्लेषण गरिएको छ।

## टेन र प्रजातिपरक मान्यता

हिप्पोलाइट अडोल्फ टेन (सन् १८२८-१८९३) फ्रान्सका एक प्रख्यात दार्शनिक, इतिहासकार र साहित्यिक आलोचक थिए। 'साहित्यलाई विज्ञानजस्तै अध्ययन गर्न सकिन्छ' भन्ने मान्यता राख्ने टेन साहित्यको समाजशास्त्रका प्रवर्तक नै मानिन्छन्। उनको विशेष गरी अंग्रेजी साहित्यको इतिहास, कलाको दर्शन र इटालीको यात्रा जस्ता पुस्तकमा साहित्य र कलासम्बन्धी धारणा व्यक्त हुँदा त्यहाँ समाजशास्त्रीय दृष्टिकोण पनि स्पष्ट भएको छ। उनका ती साहित्य र कलासम्बन्धी मान्यताले पछिल्ला साहित्य चिन्तकहरु माथि पनि निकै प्रभाव पारेको छ। हिन्दी साहित्यका समालोचक मैनेजर पाण्डेय (सन् १९९१) का अनुसार इतिहासकार टेनका हरेक आलोचनामा साहित्यको समाजशास्त्रीय दृष्टिकोण आएको छ। समाजशास्त्री टेनका विचारमा साहित्य सामाजिक चेतनाको उत्पादन हो र यसको जन्म सामाजिक परिस्थितिबाट नै भएको हुन्छ। उनको दृष्टिकोण र पद्धति साहित्यिक कृतिबाट चेतना (लेखक) तर्फ र चेतनाबाट चेतनानिर्माणको परिस्थितितर्फ बढेको छ। 'उनका भनाइमा साहित्यकार आफू जुन सामाजिक परिस्थितिमा हुर्किएको हुन्छ त्यसै अनुसार उसको चेतनाको निर्माण भएको हुन्छ। अनि सोही निर्मित चेतनाबाट साहित्यको जन्म हुने भएकाले साहित्यमा समाज व्यक्त हुन्छ। टेनले चेतनानिर्माणको परिस्थितिको चर्चा गर्ने क्रममा प्रजाति, क्षण तथा परिवेशको मान्यता अगाडि सारेका छन् (सुवेदी : २०२२)।' 'टेनले कला जुन मानसिकताबाट उत्पन्न हुन्छ, त्यो मानसिकता कसरी तयार हुन्छ ? भन्ने प्रश्नको उत्तरमा प्रजाति, क्षण तथा परिवेश सिद्धान्त अगाडि ल्याएको देखिन्छ (पाण्डेय : १९८९)।' टेनका मतमा साहित्यको समाजशास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त भएको प्रजातिका विषयमा अध्ययन गर्नुपर्छ किनभने साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नो समाजको प्रजातिबाट लिएको हुन्छ। 'टेनले प्रजातिलाई वंशानुगत गुण, शारीरिक वनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् पारम्परिक मानसिकताका रुपमा परिभाषित गरेका छन्। (सिङ्उड : १९७२, उद्धृत, क्षेत्री : २०६४)।' टेनका अनुसार साहित्यको अध्ययनबाट त्यसको रचनाकालका मानिसहरुमा पाइने भावनाहरुको रुप, विचारको गति र जीवनका अवस्थाहरुको बोध हुन्छ। (पाण्डेय : १९८९)। समाज विभिन्न प्रजातिहरुको समूह हो। साहित्य सामाजिक उत्पादन भएकाले त्यसमा विभिन्न प्रजातिहरुको प्रभाव रहन्छ। त्यसैले साहित्यमा प्रजातिपरक अध्ययनको महŒव रहेको छ।

कोइरालाको 'सान्नानी' कथाको प्रजातिपरक अध्ययनका लागि यस अध्ययनमा टेनको प्रजातिगत धारणालाई स्पष्ट पार्न प्रजातिपरक पहिचान, प्रजातिपरक आनुवंशिक स्वभाव र प्रजातिपरक प्रभाव जस्ता टुल्सहरु राखेर अध्ययन र विश्लेषण गरिएको छ।

## प्रजातिपरक पहिचान

एउटै समाजमा बस्ने विभिन्न जातिहरु पनि आफ्नो जातीय स्वभाव, प्रजातिपरक भाषा, वेशभूषा, संस्कृति जस्ता विशेषताका आधारमा एक अर्का जातिबाट भिन्न छन् भनेर पहिचान गर्नु नै प्रजातिगत पहिचान हो। प्रजातिगत पहिचान उसको शारीरिक बनोट र पेसाबाट पनि गर्न सकिन्छ। समय र परिस्थितिले गर्दा एक प्रजाति अर्को ठाउँमा पुगे पनि उनीहरुले आफ्नो पहिचान बोकेर हिँडेका हुन्छन्। कोइरालाको सान्नानी कथामा पनि विभिन्न प्रजातिहरुको पहिचान गर्न सकिन्छ। यहाँ प्रजातिपरक पहिचान अन्तर्गत सामाजिक

संस्कार, वंशानुगत विशेषता, शारीरिक संरचना, भाषिकबोध जस्ता तथ्यका आधारमा सान्नानी कथाको प्रजातिपरक पहिचान गरिएको छ ।

प्रजातिपरक आनुवंशिक स्वभाव

कोशीय अर्थमा वंश परम्पराबाट आएकोलाई आनुवंशिक भनिन्छ । कुनै प्रजातिका गुण र विशेषताले कुनै वंशानुगत निरन्तरता पाएको छ भने त्यसलाई प्रजातिपरक आनुवंशिक स्वभाव मानिन्छ । हरेक समाजिक प्राणीको आफ्नो वंश हुन्छ । वंशलाई परिवार, पुर्खा र सन्ततिको परम्पराका रुपमा पनि चिनिन्छ । टेनका मान्यता अनुसार प्रकृतिको अनुकूल र प्रतिकूल परिस्थिति वा अन्य कुनै कारणले विभिन्न ठाउँमा वंश विस्तार हुँदै गए पनि वंशानुगत स्वभावहरु प्रजातिमा विद्यमान नै रहन्छन् । कोइरालाको 'सान्नानी' कथामा व्यक्त भएको समाजिक व्यवस्थामा विभिन्न वंशका प्रजातिहरु आएका छन् । उनीहरुको आफ्नो कुलवंश परम्पराका विशेषताहरु पनि छन् । 'सान्नानी' कथामा आएका पात्रहरुको क्रियाकलाप, पहिरन, भाषिक ज्ञान आदिका आधारमा उनीहरुमा झल्किने आनुवंशिक स्वभावको खोजी गर्नु र त्यसै आनुवंशिक स्वभावका आधारमा प्रजातिपरक मान्यताको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यस क्रममा 'सान्नानी' कथाका पात्रहरुको आनुवंशिक स्वभावको विश्लेषण गर्न जातिगत स्वभावलाई आधार बनाइएको छ ।

प्रजातिपरक प्रभाव

कुनै प्रजातिको प्रभाव अर्को कुनै प्रजातिगत चरित्र वा समाजमा पर्नु नै प्रजातिपरक प्रभाव हुन्छ । प्रभाव अन्तर्वैयक्तिक वा सामाजिक रुपमा पर्न सक्छ । विचार, भाषा, संस्कृति, वेशभुषा, चालचलन, वा कुनै सांस्कृतिक अवस्थाहरुमा प्रभाव परेको हुन्छ । बहुजाति, बहुभाषी हाम्रो मुलुकमा एउटै समाजमा पनि धेरै जातिका मानिसहरुको बसोवास भएको देखिन्छ । यस परिस्थितिमा प्रजातिगत प्रभाव अनुसार कतिपय चालचलनहरु लोप हुँदै जान्छन् भने कतिपय चालचलनहरु थपिदै जान्छन् । समाज आ–आफ्नो सामाजिक नियमहरुमा बाँधिएको हुन्छ । भिन्न भिन्न रीतिस्थिति र संस्कारमा बसेका नेपालीहरुको विशेषता नै अनेकतामा एकता मानिन्छ । साहित्यभित्र व्यक्त भएको समाजमा पनि कुन प्रजातिको प्रभाव कुन प्रजाति वा समाजमा परेको छ भनेर खोजी गर्न सकिन्छ । कोइरालाका कथामा प्रजातिपरक प्रभावलाई अध्ययन गर्न अन्तर्वैयक्तिक प्रभाव, सामाजिक प्रभाव, साँस्कृतिक प्रभाव, भाषिक प्रभाव र लैङ्गिक प्रभाव जस्ता चलहरुलाई आधार बनाउन सकिन्छ । यस सान्नानी कथामा प्रभावपरक अध्ययनका लागि अन्तर्वैयक्तिक प्रभावलाई आधार मानिएको छ र त्यसैका आधारमा कथाको विश्लेषण गरिएको छ ।

'सान्नानी' कथाको प्रजातिपरक पहिचान

मानिस जातिभित्र रहेका विभिन्न अन्तर्जातिगत भिन्नतालाई नै प्रजाति मानिन्छ र कोइरालाको 'सान्नानी' कथाको जातिगत पहिचान नै प्रजातिगत पहिचानको सन्दर्भ हो । मानिसको सामाजिक संस्कार, वंशानुगत विशेषता, शारीरिक संरचना र भाषिक ज्ञान आदिका आधारमा उसको प्रजातिगत पहिचान गर्न सकिन्छ ।

'सान्नानी' कथामा प्रजातिपरक पहिचानको मुख्य आधार सामाजिक संस्कार हो । सामाजिक जीवनका रहनसहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव वा धारणा र क्रियाकलाप पनि सामाजिक संस्कार हो । प्रस्तुत कथामा मूलतः ब्राह्मण र मधेसी (माझी) प्रजातिको पहिचान भएको छ । कृतिकार कोइराला आफू ब्राह्मण प्रजातिका भएकाले उनको कथामा ब्राह्मण प्रजातिको पहिचान हुनुलाई स्वभाविक मान्न सकिन्छ । आर्य जातिको सामाजिक विभाजन अनुसार चार वर्ण वा जातिमध्ये प्रथम श्रेणीको मानिने

जातिलाई ब्राह्मण अथवा बाहुन जाति भनिन्छ । वेद, उपनिषद, पुराण आदि शास्त्रको अध्ययन अध्यापन गर्ने यज्ञ, यज्ञादिका माध्यमबाट सनातन धर्मको रक्षा गर्ने हिन्दू संस्कृति अनुसार जीवन पद्धति निर्वाह गर्नेलाई ब्राह्मण जाति मानिएको छ ।

'सान्नानी' कथाको 'म' पात्र स्वयं ब्राह्मण प्रजातिको हो किनभने ऊ लेखक प्रतिनिधि पात्रका रुपमा आएको छ । कथाकार कोइरालाका पिता कृष्णप्रसाद कोइरालाले काशी ( बनारस) मा निर्वासित जीवन बिताउँदा कथाकार कोइराला बनारसमैं जन्मिएका हुन् । यो कुरा म पात्रले 'सान्नानी' कथामा "म बनारसमा जन्मेँ र त्यहीं हुर्के ।" (पृ. १) किसिमको अभिव्यक्ति दिएकाले पनि स्पष्ट हुन्छ । नेपालको तराइ भाग मोरंग जिल्लामा उनको बाल्यकालको कतिपय जीवन खण्ड बितेको कुरा उनका जीवनीमा पाइन्छ । टेनका मान्यतानुसार कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले आफ्नो कृतिमार्फत व्यक्त गर्दछ । कथाकार कोइरालाको चेतना पनि बनारसदेखि नेपालको तराइसम्मको वातावरणले प्रभावित भएको वास्तविकता निम्न कथांशले पुष्टि गरेको छ :

> 'मेरो मन काशी पुगी पुगी रहन्छ । काशीको मुख्य कुरा हो, त्यहाँका ढुङ्गाका, पत्थर जो यहाँ आएर मेरो बालक मनमा तीक्ष्ण अनुभवको रुपमा बारम्बार प्रकट भैरहेका छन्– ढुङ्गाका घर, ढुङ्गाका सडक, ढुङ्गाका घाटहरु, त्यहाँको जीवनको चारैतिरका दृढ स्थिर प्रस्तर आधार ढुङ्गा (पृ.३) ।'

प्रस्तुत भनाइबाट 'म' पात्र काशीको भौगोलिक अवस्थाबाट निकै प्रभावित भएको पुष्टि हुन्छ । हाम्रो सामाजिक संस्कार
'विद्या नपाए काशी जानू' भन्ने भनाइबाट परिचित छ । हाम्रो नेपाली संस्कारमा ब्रतबन्ध गरेपछि अध्ययनका लागि काशी जाने चलन निकै पुरानो मानिन्छ ।  ब्रतबन्ध गर्दा किताब कपि च्यापेर बटुकलाई काशी पढ्न पठाउने प्रचलन अद्यापि छ । यस किसिमको संस्कार 'सान्नानी' कथामा 'मेरो ब्रतबन्ध भयो । अब मेरो पनि काशी जाने कुरा चल्यो । म पनि उहीँ पढ्ने रे (पृ.१५) ।' व्यक्त भएबाट पनि स्पष्ट हुन्छ । यसरी समाजिक सँस्कार अनुसार ब्रतबन्ध हुनु अनि ब्रतबन्ध गरेपछि अध्ययनका लागि काशी (बनारस) जाने प्रचलन हुन जस्ता संस्कारले पनि म पात्रको प्रजाति ब्राह्मण हुन् भनेर  पहिचान गर्न सकिन्छ ।

'सान्नानी' कथामा प्रजातिपरक पहिचान भएको अर्को मधेशी मधुवार (माझी) जाति पनि हो । कथाको मुख्य नारी सान्नानी माझी प्रजातिकी छोरी हो । टेनले प्रजातिको पहिचान हुने आधार उसको शारीरिक संरचनालाई पनि मानेका छन् । सानासाना आँखा थेप्चिएको नाक, सानो निधार आदि लक्षणले कथाकी सान्नानी माझी जातिकै हो भन्ने पुष्टि भएको छ । कथाकारले सान्नानीको शारिरीक संरचनालाई यसरी चिनाएका छन् :

> 'आँखा साना-साना, नाकको पोरा सेख बाक्लो, तर डाडी केही थिचिएको, साँगुरो ललाट, हातगोडा रूखा भए तापनि नराम्रा होइनन् । शरीरको वर्ण छुट्याउन गाह्रो, ताम्र, गहुँ र कालो वर्णको सम्मिश्रणबाट बनेको अनिश्चित वर्ण जसलाई देहातको सूर्य र माटोले झन् अस्पष्ट धूमिल पारेको (पृ.४) ।'

यसरी कौपिन वस्त्रधारी नग्न देहीकी म पात्रकी बालसखा सान्नानी मधेशी, तेली, वा माझी प्रजातिकी भएको प्रस्ट भएको छ । सान्नानीकी आमाले उसलाई ठुली भइसकेर पनि नग्न अवस्थामा गाउँघर, बगैँचा, नदी, वगर घुम्दै गरेको देखेर उसलाई पिट्दै हप्काउँदै चोलो लगाएर घरमा नै बसिरहने आदेश पनि दिएकी छ । सान्नालीको यस किसिमको जीवन शैलीले तराइ क्षेत्रको वास्तविक सामाजिक स्वरुपलाई पनि चिनाएको छ ।

सान्नानीलाई तराइवासी माझी जाति भनेर चिनाउने अर्को आधार ऊसँग भएको स्थानीय र भाषिक ज्ञान पनि हो । उसलाई कोशीको पछवरिया धार, चिलौनीधार लगायत कोशी तटीय स्थानीयताको ज्ञान छ । उसले केटालाई बोलाउँदा 'ए रे छौंडा !' र केटीलाई बोलाउँदा 'ए गे छौंडी !' भनेर बोलाइन्छ भन्ने जातीय भाषाको ज्ञान रहेको पनि पुष्टि भएको छ । यसरी प्रस्तुत कथामा मपात्र ब्राह्मण र सान्नानी माझी प्रजातिका हुन् भनेर पहिचान गर्न सकिन्छ ।

'सान्नानी' कथामा प्रजातिगत आनुवंशिक स्वभाव

वंशपरम्पराबाट आएको वा पुर्ख्यौलीलाई आनुवंशिक मानिन्छ । उनीहरुमा एकनासले रहने जन्मजात गुण वा विशेषता नै आनुवंशिक स्वभाव हो । यहाँ प्रजातिमा पाइने जातीय गुण वा स्वभावलाई नै प्रजातिपरक आनुवंशिक स्वभाव भनिएको छ । कोइरालाका कथाको समाजमा पनि विभिन्न जातीहरु छन् र उनीहरुका आफ्ना जात अनुसारको स्वभावको खोजी  गर्नु सान्दर्भिक छ । कोइरालाका कथाहरु प्रजातिपरक आनुवंशिक स्वभावका हिसाबले विश्लेषण योग्य देखिएका छन् । प्रस्तुत अध्ययनपत्रमा 'सान्नानी' कथाका मुख्य पात्रहरुमा पाइने आनुवंशिक स्वभावलाई तथ्यका आधारमा विश्लेषण गरिएको छ ।

कोइरालाको 'सान्नानी' कथामा ब्राह्मण प्रजातिको म पात्र र मधुवार (माझी) जातिकी सान्नानी मुख्य पात्र छन् । कथाका मुख्य प्रस्तोता म पात्रमा ब्राह्मण जातिको स्वभावहरु पाइन्छन् । म पात्रको 'बनारसमा म जन्मैं, त्यही हुर्कें । कालचक्र हाम्रो परिवारका लागि विशेष द्रुतगतिले चक्का खान्छ । काशीको अन्नजलको हामीले धेरै सञ्चय गरेका रहनछौं । म पाँच-सात वर्षको हुँदानहुँदै काशी विश्वनाथले हाम्रो आश्रय खोसे (पृ.२) ।' भनाइले उनको जातीय स्वभावलाई पनि संकेत गरेको देखिन्छ । कोइराला ब्राह्मण जातिका हुन् भन्ने स्पष्ट छ । उनका मातापिताले काशी (बनारस) मा निर्वासित जीवन बिताउँदा उनको जन्म भएको थियो । तर केही समयपछि काशी छोडेर तराइको कोशी नदीको छेउ टेढी दीपनगर भन्ने गाउँमा बस्न पुगेको कुरा मपात्रले स्वीकारेको देखिन्छ । ब्राह्मण जातिको वंशानुगत विशेषता धर्म, कर्म, तीर्थस्थलप्रतिको झुकाव र त्यहाँको वतावरणले प्रभावित हुने स्थिति पनि देखिएको छ । अनेकौं बिकल्पका बावजूद पनि कोइराला परिवारले निर्वासित जीवनका लागि काशी (बनारस) नै रोज्नु आनुवंशिक विशेषताको प्रभाव मान्न सकिन्छ । उल्लेख गरिएको कथांशमा म पात्रले आफ्नो र आफ्नो परिवारको चाहना र आकर्षण त काशी र विश्वनाथ बाबा नै थिए तर आफूहरुलाई भाग्यले साथ नदिएर काशी त्याग्नु परेको अभिव्यक्ति दिएका छन् । यहाँ काशीप्रतिको झुकाव ब्राह्मणको वंशानुगत स्वभाव देखिन्छ ।

प्रस्तुत कथामा ब्राह्मणहरुमा कातर स्वभाव हुने प्रसङ्ग पनि उल्लेख गरिएको छ ।  उनीहरु आर्य जाति हुन् र अन्य जातिका तुलनामा आर्य ब्राह्मणहरु अलि कातर र डरपोक स्वभावका हुन्छन् । निडर सान्नानी र डरपोक म पात्रको मनोदशालाई कथांशले पनि यसरी स्पष्ट पारेको छ :

> 'म हिचकिचाउँदै, भयले कातर हुँदै, लज्जा र संकोचले गल्दै त्यो अनजान समुद्रमा मानौं उसको जिम्मामा आफूलाई अर्पण गरेर यात्रामा निस्कें (पृ.४)
>
> ....शहरबाट सञ्चित गरेर ल्याएको कातर हृदयको भय उसको सङ्गतमा बिस्तार बिस्तार लोप हुन लागेको जस्तो भयो (पृ.६) ।'

यसरी ब्राह्मण प्रजाति म पात्र कातर स्वभावको रहेको र सान्नानीको संगतले उसको कातर मन बलियो हुँदै गएको कुरा माथिको कथांशले देखाएको छ ।

सान्नानी कथाकी मुख्य नारी पात्र सान्नानी तराइवासी मधुवार (माझी) जातिकी छोरी हो । उनीहरुको जीविका आर्जनको ठूलो आधार भनेकै खोला नदी हुन् । प्राय: नदी खोलाका छेउछाउमा बसोवास गर्ने माझीहरुमा खोला, नदी र वरपरको परिस्थितिको राम्रो ज्ञान हुन्छ । यो उनीहरुको वंशानुगत स्वभाव नै हो । प्रस्तुत कथाकी नायिका सान्नानीमा पनि विराटगरको छेउ टेढी दिपनगर वरपर र कोशी नदीको बहाव र कोशीमा पाइने माछाहरुका बारेमा राम्रो ज्ञान छ भन्ने कुरा निम्न उद्धृतांशले स्पष्ट पार्दछन् :

> 'अनि सान्नानीले मलाई गाउँ घुमाउन लगी । कहाँ जाने पैले ? .. ल, पूर्वरियाधार जाउँ । सहस्रधारा कोशीको एयटा ठूलो भङ्गालो गाउँको पूर्वपट्टि थियो, त्यही हो, पूर्वरियाधार । (पृ.५) ।
>
> .... त्यहाँ पुगेर किनारामा बालुवाको एउटा ढिस्कोमाथि उभिएर उसले भनी– यसलाई चिलौनी धार पनि भनिन्छ । हाम्रो गाउँको पूर्वपट्टिको सीमाना पनि यही नदी हो । योभन्दा पारि दिवानगञ्ज इलाका पर्छ । त्यो काइथेहरुको गाउँ हो । हाम्र गाउँको दिवानजीको घर पनि त्यही छ (पृ.५) ।'

माझीकी छोरी सान्नानीमा कोशीको बहाव, प्रकृति र स्थितिका बारेमा राम्रो ज्ञान रहनु उसको माझी वंशानुगत विशेषता हो । माझीहरुको जीवन नदीसँगको संघर्ष र मिलनमा नै व्यतित हुन्छ । उनीहरुको बसाइ पनि प्राय नदीकै छेउछाउमा रहने गर्दछ । माझी जातिको अर्को जन्मजात पेशा मत्स्य व्यवसाय पनि हो । उनीहरुलाई माछाको र माछाका प्रकारको पनि राम्रो ज्ञान रहन्छ । प्रस्तुत कथाकी सान्नानीलाई पनि माछाका प्रजातिबारे राम्रो ज्ञान थियो भन्ने कुरा यसरी थाहा भएको छ :

> 'सान्नानीले भनी– 'ल अब फर्कौं । यस्तै धार पश्चिमपट्टि पनि छ– पछवरिया धार । त्यो धारमा सबै किसिमका माछा पाइन्छन् – रोहु, बुहारी, कतला, काँटी, सिंगी, मुँगरी, बामी । यो धारमा पाइदैन (पृ.६) ।'

उल्लेखित कथांशमा सान्नानीले विभिन्न प्रजातिका माछारूको नाम पनि लिएकी छ । बाबुआमाको पेशाका बारेमा छोरीलाई ज्ञान हुनु वंशानुत गुण पनि हो । यसरी यस कथामा ब्राह्मण म पात्र र माझी सान्नानीको क्रियाकलापबाट ब्राह्मण र माझी प्रजातिको वंशानुगत स्वभाव व्यक्त भएको देखिन्छ ।

‘सान्नानी’ कथामा प्रजातिपरक प्रभाव

मानिसले सभ्यताविकासको इतिहासमा हासिल गरेको ठूलो उपलब्धि भनेकै उसको समाज हो । कुनै पनि समाजको संरचना त्यस समाजमा बस्ने विभिन्न प्रजातिहरुबाट बनेको हुन्छ । समाजिक संरचनामा एक व्यक्ति वा समाजबाट अर्को व्यक्ति वा समाजमा सांस्कृतिक, भाषिक, वैचारिक, हिसाबले प्रभाव परेको हुनसक्छ । 'सान्नानी' कथाभित्रको समाजमा भएका प्रजातिहरु पनि एक अर्काबाट प्रभावित भएको स्थिति रहेकाले कथामा प्रजातिपरक प्रभावको खोजी र विश्लेषण गर्न सकिन्छ ।

कथाकार कोइरालाको 'सान्नानी' कथाको समाज नेपालको तराइ भूभाग हो । कथाकारले आफू काशीबाट फर्किएर पूर्व विराटनगर कोशी क्षेत्रमा रहेको टेढी दिपनगर भन्ने ठाउँमा आएर बसोबास गर्दा भेट भएकी केवट माझी प्रजातिकी सान्नानीसँगको बसउठको घटनालाई कथाको विषवस्तु दिएका छन् । यसैले यस कथाको समाजमा देखा पर्ने ब्राह्मण र माझी जातिका व्यक्तिहरु एक अर्काप्रति प्रभावित देखिएका छन् ।

कोइरालाको 'सान्नानी' कथामा अन्तर्वैयक्तिक प्रभाव देखिन्छ । एक व्यक्ति अर्को व्यक्ति प्रभावित हुनु नै अन्तर्वैयक्तिक प्रभाव हो । यहाँ विशेष गरी माझी जातिकी सान्नानीबाट

ब्राह्मण जातिको म पात्र धेरै प्रभावित भएको देखिन्छ । सान्नानीले म पात्रलाई तराइको भौगोलिक अवस्था, सामाजिक वस्तुस्थिति, साँस्कृतिक तथा भाषिक ज्ञान गराएर प्रभाव मात्र पारेकी छैन कि उसले भूतप्रेत, बँदेलको नृशंस आक्रमण, ढाडे बिरालो, मशानको हाड चबाउने कुकुर, पाकडको वायुको नजिकैको मशान, मुनरियालाई वायु चढेको, बोक्सी बतहिया डायनको वर्णन गरी शहरिया डरपोक ब्राह्मण बाबुलाई निर्धक्क पनि पारेकी छ । सान्नानीको स्पष्ट र फरासिलो व्यवहारबाट म पात्र निकै प्रभावित भएको र आफूले सान्नानीमाथि विश्वास गरेको कुरा कथांशमा यसरी व्यक्त भएको छ :

> ‘त्यो महाशून्यमा – मेरो हातलाई डोर्‍याएर उसले मलाई लगी । म हिचकिचाउँदै, भयले कातर हुँदै, लज्जा र सङ्कोचले गल्दै त्यो अनजान समुद्रमा मानौं उसको जिम्मामा आफूलाई अर्पण गरेर यात्रमा निस्कैँ (पृ.४)
>
> … प्रारम्भमा ग्रामीण जीवनको बाटोमा तै-तै गरेर पाइलो चाल्ने प्रयत्न गर्दा सान्नानीको सहारा नभई हुँदैनथ्यो; पछि-पछि स्वयं आफू नै एउटा शुद्ध ग्रामीण ठिटोमा परिणत भैसकेर पनि सान्नानी नभई मलाई हुँदैनथ्यो । पहिले जो आमाजस्ती भएर मेरो औंलालाई सहारा दिँदै गाउँका आवश्यक वस्तुहरुलाई चिन्हाउँदै हिंड्थी, त्यो पछि-पछि सहचरी भएर गई (पृ.७) ।’

उल्लेखित कथांशमा पहिले आमाजस्ती बनेर गाउँका यावत् परिस्थितिको ज्ञान दिने सान्नानी पछि गएर सहचरी बनेकी र हरेक कुरामा आफू प्रभावित भएको उल्लेख गरिएको छ । म पात्र सान्नानीबाट आफूले पाएको संरक्षण र साहचर्यताका लागि जुनसुकै मूल्य चुकाउन पनि तयार रहेको अवस्थालाई यसरी देखाइएको छ :

> ‘मलाई लाग्यो कि कुनै त्यस्तो वस्तु दुनियामा छैन जसको उपभोगमा सान्नानीलाई म सम्मिलित नगराउँ, कुनै त्यत्रो ऐश्‍वर्य छैन जसलाई उसका लागि म खर्च गर्न नसकूँ । यदि सान्नानी मलाई आफ्नो रच्छेमा राखेकी छ भने म पनि उसका लागि सर्वस्व अर्पित गर्न तयार छु सदासर्वदा (पृ.८) ।
>
> .....मेरो जीवनको प्रभातमा भेटिएको मेरो प्रथम मित्र– मेरो अभिन्न सखा (पृ.८) ।’

उल्लेखित कथांशबाट मपात्रकी बालसखा सान्नानी उसको जीवनको पहिलो मित्र बनेको बुझिएको छ भने सान्नानीको व्यवहारबाट ऊ निकै प्रभावित पनि भएको भएको छ

हाम्रो समाजमा तल्लो र माथिल्लो जात भनेर वर्ग विभाजन गर्ने परम्परागत सोच छ । यस कथाकी सान्नानीमा त्यो परम्परा र सोचप्रति असहमति देखिन्छ । सान्नानीले आफ्नो वंशोत्पन्न सोच अनुसार जात जातिको व्याख्या गरेकी छ । बाहुन छेत्रीका लागि जात जातिको परिभाषा अलग हुनसक्छ तर सान्नानीका लागि भाले र पोथी दुई मात्र जाति हुन् । सान्नानीको भनाइलाई निम्न कथांशले पुष्टि गरेको छ :

> ‘सान्नानीले भनी – मानव दुई जातिमा विभाज्य छ - पुरूष र नारी । बाबु, दाजु, भाइ, पति, छोरा, काका, भतिजाहरु एक जातिका– आमा, दिदी, बैनी, पत्नी, छोरीहरु अर्को जातिका ।
>
> ....मैंले निर्वाक् भएर यो गम्भीर सत्यलाई पहिलोपल्ट अनुभव गरेँ (पृ.१४) ।’

माथिको कथांशमा व्यक्त भएको सान्नानीको जातिप्रतिको दृष्टिकोणले म पात्र प्रभावित भएको कुरा प्रष्टिएको छ । प्रस्तुत भनाइमा कथाकार कोइरालाको जातिप्रतिको आफ्नो धारणा पनि व्यक्त भएको देखिन्छ । यसरी सान्नानी कथामा तराइ जातिको अन्तर्वैयक्तिक प्रभाव पहाडी ब्राह्मण जातिमा परेको देखिएको छ ।

निष्कर्ष :

'सान्नानी' कथा कोइरालाको प्रजातिपरक मान्यताबाट विश्लेषणीय कथा हो । टेनका प्रजातिगत मान्यतामा आधारमा यस कथाको अध्ययन विश्लेषण गरिएको छ । यस कथामा ब्राह्मणजाति र माझी जातिको प्रजातिपरक पहिचान, प्रजाातिपरक आनुवंशिक स्वभाव र प्रजातिगत प्रभाव जस्ता चलहरुमार्फत कथाको अध्ययन भएको छ । प्रस्तुत कथाको अध्ययनबाट परिस्थितिले जुन जाति जुन अवस्थामा रहेपनि उनीहरुको शारीरिक संरचना, संस्कृति र भाषिक ज्ञानका आधारमा प्रजातिपरक पहिचान गर्न सकिन्छ । उनीहरुको स्वभाव, विचारबाट आनुवंशिक स्वभाव देखिन्छ भने उनीहरुले समाजमा निभाएको भूमिका र प्रभाव अनुसार अन्तर्वैयक्तिक वा सामूहिक प्रभावको विश्लेषण पनि गर्न सकिन्छ भन्ने देखाइएको छ । कथाकार कोइरालाले कथा लेखनको सामग्री आफू बाँचेको समाजको ब्राह्मण र मधुवार (माझी) प्रजातिबाट लिएका छन् । प्रस्तत कथाको मपात्र काशी (बनारस) को पवित्र वातावरणबाट र विराटनगरको छेउ कोशी तटीय गाउँको गाउँलेपन र सान्नानीबाट निकै प्रभावित भएको स्थिति देखाएर समाजमा जुनसुकै व्यक्तिका विचार व्यवहारबाट जो पनि प्रभावित हुनसक्ने निष्कर्ष प्राप्त भएको छ ।  प्रजातिपरक अध्ययनका दृष्टिले यो कथा विशिष्ट रहेको छ ।

*सन्दर्भ सामग्री*

कोइराला, विश्वेश्वरप्रसाद (वि.सं. २०६४), श्वेतभैरवी (पाँचौ. प्र.), साझा प्रकाशन ।

छेत्री, उदय (वि.सं. २०६४), समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन, त्रि.वि.: नेपाली केन्द्रीय विभाग ।

जैन, निर्मला (सन् १९९२), साहित्यका समाजशास्त्रीय चिन्तन (द्विती सं.) दिल्ली : हिन्दी माध्यम कार्यान्वियन दिर्नेशनालय, दिल्ली विश्वविद्यालय ।

पाण्डेय, मेनेजर (सन् १९८९), साहित्यको समाजशास्त्रकी भूमिका, हरियाणा साहित्य अकादमी ।

सिंह, बच्चन (सन् २००७), साहित्यका समाजशास्त्र, लोकभारती प्रकाशन ।

सुवेदी, कृष्णप्रसाद (सन् २०२२), शहीद स्मृति जर्नल, ''राइटरबाजे' कथाको प्रजातिपरक अध्ययन, चितवन : शहीद स्मृति बहुमखी क्याम्पस ।